नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

"सुशासनको आधारः प्रविधिमैत्री जिम्मेवार पत्रकार" नारा सहित मनाइएको 'राष्ट्रिय पत्रकारिता दिवस, २०८३' को अवसरमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा एक विशेष समारोहको आयोजना गरी पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुहुने व्यक्तित्वहरूलाई सम्मानित तथा पुरस्कृत गरिएको छ।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यता र माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री डा. विक्रम तिमिल्सिनाज्यूको अध्यक्षतामा राष्ट्रपति कार्यालय, महाराजगञ्जमा आयोजित **'राष्ट्रिय पत्रकारिता पुरस्कार तथा वरिष्ठ पत्रकार सम्मान'** कार्यक्रममा नेपाली पत्रकारिताको क्षेत्रमा दुई दशक भन्दा बढी समयदेखि अविच्छिन्न रूपमा क्रियाशील रही सुसूचित समाज निर्माणमा योगदान पुऱ्याउनु हुने दुईजना पत्रकारलाई **'वरिष्ठ पत्रकार सम्मान'** द्वारा सम्मानित गरिएको छ। त्यसैगरी व्यावसायिक पत्रकारिताको माध्यमबाट सूचनाको हक प्रत्याभूति गर्न र समाजलाई सुसूचित तुल्याउन उल्लेखनीय भूमिका निर्वाह गर्नुहुने तीनजना पत्रकारलाई **'राष्ट्रिय पत्रकारिता पुरस्कार'** द्वारा पुरस्कृत गरिएको छ। दुवै सम्मान तथा पुरस्कारको राशी जनही दुई लाख रुपैंया रहेको छ ।

वरिष्ठ पत्रकार सम्मानद्वारा सम्मानित हुने पत्रकारहरू

- श्री चन्द्रकिशोर झा, पर्सा
- श्री नम्रता शर्मा, काठमाडौं

राष्ट्रिय पत्रकारिता पुरस्कारद्वारा पुरस्कृत हुने पत्रकारहरू

- श्री उमेश श्रेष्ठ, काठमाडौं
- श्री भोला कुमार पासवान, ससरी
- श्री रुपा गहतराज, बाँके

सम्मानित तथा पुरस्कृत हुनुहुने सम्पूर्ण पत्रकार महानुभावहरूमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरूको उत्तरोत्तर प्रगतिको कामना गर्दछ। साथै, यस दिवसले सम्पूर्ण सञ्चारकर्मीहरूलाई थप जिम्मेवार, व्यावसायिक, मर्यादित र उत्तरदायी पत्रकारिताको मार्गमा अघि बढ्न प्रेरित गर्ने विश्वास मन्त्रालयले लिएको छ ।

२०८३/१/२४

Scanned with CamScanner